बैठक मिति : २०७७/१/१२
बैठक संख्या : २४

छलफल तथा निर्णय

१. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन) को दफा ५ अनुसार माननीय सदस्य ई. सुशील भट्टको संयोजकत्वमा गठित आयोजना/कार्यक्रम छनौट समितिको मिति २०७७/०१/७ को बैठकले सोही कार्यविधिको दफा ५ को उपदफा (५) मा भएको व्यवस्था अनुसार समपूरक अनुदान प्रदान गर्न सिफारिस गरिएका संलग्न सूचिमा उल्लेख भएको प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमको विवरण र समपूरक अनुदानको बजेट सिमा सहितको प्रतिवेदन आयोगको बैठकमा प्रस्तुत भई छलफल भयो। समपूरक अनुदान बाँडफाँड सम्बन्धी उक्त प्रतिवेदन स्वीकृत गरी बजेट विनियोजनका लागि अर्थ मन्त्रालयमा पठाउने।

२. विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन) को दफा ५ अनुसार माननीय सदस्य श्री मीनबहादुर शाहीको संयोजकत्वमा गठित आयोजना/कार्यक्रम छनौट समितिको मिति २०७७/०१/७ को बैठकले सोही कार्यविधिको दफा ५ को उपदफा (४) मा भएको व्यवस्था अनुसार विशेष अनुदान प्रदान गर्न सिफारिस गरिएका संलग्न सूचिमा उल्लेख भएको प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमको विवरण र विशेष अनुदानको बजेट सिमा सहितको प्रतिवेदन आयोगको बैठकमा प्रस्तुत भई छलफल भयो। विशेष अनुदान बाँडफाँड सम्बन्धी उक्त प्रतिवेदन स्वीकृत गरी बजेट विनियोजनका लागि अर्थ मन्त्रालयमा पठाउने।

३. आगामी आ.व. २०७७/७८ का लागि यस आयोगको प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट सम्बन्धमा छलफल भयो। बैठकमा प्राप्त सुझावहरु समेटी आयोगको गठन तथा कार्यसञ्चालन आदेशले दिएको कार्यजिम्मेवारीलाई प्रभावकारीरुपमा सम्पादन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने।

४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ९ को उपदफा (३) मा भएको व्यवस्था अनुसार आ.व. २०७७/७८ को लागि विभिन्न मन्त्रालय/निकायबाट प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट सम्बन्धमा आयोगमा भएको छलफलको प्रतिवेदन माननीय अर्थ मन्त्रीज्यू समक्ष पेश गर्ने।

५. राष्ट्रिय मानव विकास प्रतिवेदन, २०१९ **(National Human Development Report, 2019)** को मस्यौदा प्रतिवेदनको विज्ञ पुनरावलोकनका लागि आवश्यक परामर्श सेंवा लिने सम्बन्धमा बैठकमा प्रस्तावित देहायका विज्ञहरुबाट गराउन स्वीकृति प्रदान गर्ने। साथै, प्रस्तावित विज्ञ उपलब्ध हुन नसकेको खण्डमा माननीय उपाध्यक्षज्यूको सहमति लिई बैकल्पिक व्यवस्था गर्ने। पुनरावलोकनकर्ता विज्ञलाई दिइने पारिश्रमिक सुशासन तथा सामाजिक विकास महाशाखाले वार्ताको माध्यमबाट तय गर्ने।

<u>पुनरावलोकनकर्ता विज्ञको प्रस्तावित नामावली</u>

१. प्रा. डा. पिताम्बर शर्मा, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष
२. डा. स्वर्णिम वाग्ले, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष
३. प्रा. डा. चैतन्य मिश्र, समाजशास्त्री
४. डा .गोविन्द बहादुर थापा, अर्थशास्त्री
५. श्री सरु जोशी श्रेष्ठ, लैङ्गिक विज्ञ